आर्थिक राष्ट्रिय दैनिक



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

# याक आनुवांशिक स्रोत केन्द्र

स्याङ्गवोचे, सोलुखुम्बु

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१४ गते**

यस स्रोत केन्द्रको आ.ब.२०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका निर्माण कार्य गर्नु पर्ने भएको हुँदा निर्माण गर्न ईच्छुक ईजाजत प्राप्त फर्म कम्पनी वा निर्माण कर्ताहरुबाट देहाय बमोजिमको शर्त भित्र रहि पेश गर्ने गरी खुला शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. यो शिलबन्दी बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०८०/०८/१३ गते) दिन सम्म कार्यालय समय भित्र कोष तथा लेखा नियन्त्रक कार्यालय सोलुखुम्बुको राष्ट्रिय बाणिज्य बैंक सोलुखुम्बुमा रहेको राजश्व खाता नं.१०००१००२०००१००००, कार्यालय कोड ३१२४१०९०१, राजश्व शिर्षक नं.१४२२९ मा रु.३०००।-(तीन हजार) दाखिला गरेको सक्कलै भौचर प्रति साथै आवश्यक कागजात पेश गरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। उक्त राजश्व बापतको रकम फिर्ता हुने छैन।
२. बोलपत्र खरिद गर्दा नविकरण भएको ईजाजत पत्र, आयुकर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र र आ.ब.२०७९/८० को कर चुक्ता प्रमाण पत्र पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
३. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०८०/०८/१४ गते दिनको १२:०० बजे सम्ममा यस याक आनुवांशिक श्रोत केन्द्र, स्याङ्बोचे, सोलुखुम्बुमा बोलपत्र पेश गरी दर्ता गरि सक्नुपर्नेछ। र सोही दिनको दिउँसो १:०० बजे दर्ता हुन आएका बोलपत्रहरु कार्यालय र निर्माण व्यवसायीहरुका प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ साथै निर्माण व्यवसायी वा प्रतिनिधि उपस्थित हुन नसकेमा बोलपत्र खोलिन बाधा पर्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा बुझाउन सकिने छ।
५. बोलपत्र पठाउँदा प्रोपाईटर आफैं वा प्रतिनिधि तोकी मात्र पठाउन सकिने छ। हुलाक, कुरियर र ईन्टरनेटबाट पठाईएको बोलपत्रलाई मान्यता दिईने छैन र रित पूर्बक नआएका बोलपत्र मान्य हुने छैन।
६. बोलपत्र साथ माग गरिएको जमानत बापत (बिडबण्ड) को रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सोलुखुम्बुको राष्ट्रिय बाणिज्य बैंक सल्लेरीमा रहेको धरौटी खाता नं.२०२०१००१०२०३००००, कार्यालय कोड ३१२४१०९०१ मा तपशिल बमोजिमको जमानत रकम जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट अन्तिम दर्ता मितिले १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक जमानत अनिबार्य रुपले समावेश भएको हुनुपर्नेछ।
७. बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको ठाँउमा बोलपत्रदाताको सहिछाप हुनुपर्नेछ।
८. बोलपत्र फारामको खाम बाहिर यस कार्यालयको नाम, बोलपत्र नं र कार्य विवरणको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ। बोलपत्रमा बोलपत्र पेश गर्ने बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेख्नु पर्नेछ।
९. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
१०.अन्य कुरा मौजुदा/प्रचलित कानून बमोजिम हुनेछ।तपशिल अनुसार निर्माण कार्यको थप जानकारीका लागि कार्यालय समय भित्र फोन नं.०३८-५४०१२४ वा ९८५२८२८०४१ मा सम्पर्क गरि जानकारी लिन सकिनेछ।

तपशिल :

| सि.नं. | बोलपत्र नं. | निर्माण कार्यको नाम | लागत अनुमान (भ्याट बाहेक) रु. | जमानत बापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | YGRC-SOLU-NCB-YNHCCFCW-03-2080/81 | याक नाक समाउने खोर निर्माण | २१,०२,७२१।४३ | ६२,००० | |

कार्यालय प्रमुख